स्थानीय राजपत्र

**सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः १०, संख्याः ०१  बैसाख २५ गते, २०८३ साल**

# भाग-२

## सरुमारानी गाउँपालिका, प्यूठान

# सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदल गठन तथा परिचालन निर्देशिका, २०८३

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०१।२४

प्रमाणिकरण मितिः२०८३।०१।२५

**प्रस्तावना**

नेपालको संविधानले विपदलाई तिनै तहको अधिकारक्षेत्रमा राखेको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय स्तरको विपद् व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित स्थानीय सरकारको नै भन्ने कुरा उल्लेख गरेको छ । संघीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, (संशोधन समेत) र सरुमारानी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ (संशोधन समेत) को लक्ष्य र उद्धेश्य अनुरुप समूदाय स्तरको विपद ब्यबस्थापन समिति, कार्यदलहरुलाई विपदको पूर्व तयारी, प्रतिकार्य तथा पुनर्स्थापना र पूननिर्माण सम्बन्धी क्रियाकलापमा क्षमता विकास परिचालन गर्न बाञ्छनीय भएकोले,

सरुमारानी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ (संशोधन समेत) दफा २७ ले दिएको अधिकार प्रयोग गरी सरुमारानी गाउँपालिकाले **सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदल गठन तथा परिचालन निर्देशिका, २०८३** जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम "**सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदल गठन तथा परिचालन निर्देशिका २०८३**" रहेको छ ।

(ख) यो निर्देशिका सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **“निर्देशिका”** भन्नाले “सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदल गठन तथा परिचालन निर्देशिका २०८३” सम्झनु पर्छ ।

(ख) "**सामुदायिक विपद् व्यवस्थापन समिति**" भन्नाले व्यक्तिगत स्वार्थका निम्ति आर्थिक, सामाजिक तथा राजनैतिक फाइदाबाट उत्प्रेरित नभईकन स्वेच्छाले निःस्वार्थ, रुपमा विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना र पुनर्निर्माण सम्वन्धि क्रियाकलापहरु सहयोग गर्नका लागि समुदायस्तरमा गठन भएका स्वयम्सेवी समुह सम्झनु पर्छ। **वडाका विभिन्न बस्तीहरुमा गठन भएका टोल विकास संस्थाको कार्यसमितिले पनि सामुदायिक विपद् व्यवस्थापन समिति" को रुपमा काम गर्न सक्नेछ ।**

(ग) **“कार्यदल"** भन्नाले समुदायस्तरमा गठन भएका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धि तालिम प्राप्त र बिना पारिश्रमिक स्वेच्छाले खटिने तीन किसिमको (प्राथमिक उपचार, खोज तथा उद्धार र पूर्वसुचना) कार्यदलहरु सम्झनुपर्छ उक्त शब्दले स्वयंसेवक तथा सामुदायिक विपद् प्रतिकार्य टोली समेत सम्झनुपर्छ ।

(घ) **“सूचीकरण”** भन्नाले यस निर्देशिका बमोजिम सरुमारानी गाउँपालिका अन्तर्गतका समुदायमा गठित सामुदायिक विपद व्यवस्थापन समितिहरुको सम्बन्धित वडा कार्यालयहरुमा यस निर्देशिकाको अनुसूची-१ र २ बमोजिम सूचीकरण भएको सम्झनु पर्दछ। टोल विकास संस्थाको कार्यसमितिले नै सामुदायिक विपद् व्यवस्थापन समिति"को काम गरेको अबस्थामा पनि जानकारीको लागि वडामा सूचीकृत/जानकारी दिनु पर्नेछ ।

(छ) **"संघीय ऐन"** भन्नाले नेपालको संघीय संसदले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संसोधन सहित) सम्झनुपर्छ ।

(च) **"ऐन"** भन्नाले" सरुमारानी गाउँपालिका गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ (संशोधन समेत) लाई सम्झनुपर्छ ।

(ज) "**कार्यपालिका**" भन्नाले सरुमारानी गाउँपालिका गाउँ कार्यपालिका सम्झनुपर्छ ।

## परिच्छेद-२
## सामुदायिक विपद् व्यवस्थापन समिति गठन तथा परिचालन

**३. सामुदायिक विपद् व्यवस्थापन समिति गठनका न्यूनतम आधारहरु :**

क) समुदायको आवश्यकता र सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी समावेशी सामुदायिक विपद् व्यवस्थापन समितिका लागि ७ देखि ११ सदस्य समिति गठन गर्न सकिनेछ। समितिको अध्यक्ष, उपाध्यक्ष र सचिव पद मध्ये कम्तिमा एक पदमा महिला अनिबार्य हुनु पर्ने छ। तर वडाका विभिन्न बस्तीहरुमा गठन

भएका टोल विकास संस्थाको कार्यसमितिले पनि सामुदायिक विपद् व्यवस्थापन समिति"को रुपमा काम गर्न सक्नेछ।

ख) समिति अनिवार्य समावेशी हुनुपर्नेछ (सबै जातजाती, अपांगता भएका व्यक्ति, महिला, युवा, भौगोलीक रुपमा पिछडिएको, अति जोखिममा रहेको समुदायबाट प्रतिनिधित्व, अल्पसंख्यक) साथै कुल सदस्यको कम्तिमा ४० प्रतिशत अनिवार्य महिलाको प्रतिनिधित्व भएको हुनुपर्ने ।

ग) प्रतिनिधित्व गर्ने व्यक्ति समुदायमा स्वयंसेवी भावना र स्वयसेवा गर्ने इच्छाशक्ती भएको हुनुपर्ने ।

घ) समुदायको नेतृत्व गर्न सक्ने र समुदायमा आइपर्ने समस्याहरु र विभिन्न परिस्थितीलाई व्यवस्थापन गर्न सक्ने ।

ङ) आवश्यकता अनुसार विपद् व्यवस्थापनका लागी सरोकारवाला निकायहरुसंग समन्वय, पैरवी तथा नेतृत्व गर्न सक्ने क्षमता भएको ।

च) समाजमा अनुशासित र राम्रो चरित्र भएको ।

छ) समुदायको भावनालाई बुझ्ने व्यक्ती ।

ज) रोजगारीको हिसाबले बाहिर नजाने समुदायमा नै बसेर काम गर्न सक्ने व्यक्ती ।

झ) विपद् जोखिम व्यवस्थापनमा काम गर्ने ईच्छुक भएको र सकारात्मक दृष्टिकोणका साथ सिक्ने ईच्छा भएको ।

**४. सामुदायिक विपद् व्यवस्थापन समितीका काम कर्तव्य तथा जिम्मेवारीहरु :**

(क) सरोकारवलाहरुको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर संकलन गर्ने ।

(ख) सामुदायिक विपद् व्यवस्थापन समितिको नियमित बैठकको आयोजना गर्ने र बैठकका निर्णयहरु सुरक्षितका साथ रेकर्ड राख्ने ।

(ग) संकटासन्न घरधुरीहरुको पहिचान गर्ने साथै सामाजिक तथा प्रकोप नक्शा निर्माण गरि विपद् व्यवस्थापन योजना निर्माण गर्ने र त्यसको आवधिक रुपमा समिक्षा गर्ने ।

(घ) समुदायिक विपद् व्यवस्थापन कोष स्थापना गरी बैंक खाता खोली समितिको नाममा जम्मा गर्ने र समितिको निर्णय अनुसार कोष संचालन गर्ने ।

(ङ) आपतकालिन कोष वा विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका बनाउने र पालना गर्ने ।

(च) समुदायका लागि आवश्यक पर्ने विपद् व्यवस्थापन सम्बन्धी निर्देशिका एवं कार्य योजनाहरु तयार गर्ने ।

(छ) समुदायमा विपद् जोखिम न्यूनीकरण सम्वन्धी जनचेतनामुलक कार्यक्रमको कार्यन्वयनमा नेतृत्व लिने ।

(ज) विपद् व्यवस्थापन योजनाको निर्माण अनुगमन तथा कार्यन्वयन गर्ने साथै आवश्यक बजेट व्यवस्थापनका लागि स्थानीय सरकारसँग समन्वय तथा पैरवी गर्ने ।

(झ) समुदाय स्तरमा विपद् व्यवस्थापनका लागि स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवाला निकायहरुसंगको समन्वय तथा सहयोगमा विस्तार गर्ने ।

(ञ) सम्वन्धित सरोकारवालाहरुको सहयोगमा विषयगत कार्यदल क्रमशः खोज तथा उद्धार, प्राथमिक उपचार र पूर्वसूचना कार्यदल, आपतकालिन आश्रय स्थल व्यवस्थापन कार्यदल, महिला कार्यदलगठन गर्ने र तिनीहरुलाई तालिमको व्यवस्थापन गर्ने ।

(ट) विपद्संग सम्वन्धित सरोकारवालाहरु तथा स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद व्यवस्थापन समिति र स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रसंग नियमित समन्वय गर्ने ।

(ठ) समुदाय तथा वडा स्तरमा रहेका जातजाती, अपांगता, जेष्ठ नागरिक, महिला, संकटासन्नता समुदाय तथा विपद् प्रभावित समुदायलाई स्थानीय योजना तर्जुमा प्रकृयामा सहभागिताको सुनिश्चितता गर्ने ।

(ड) सम्पुर्ण सरोकारवाला निकायहरुको सहभागितामा पुर्नस्थापना तथा पुर्ननिर्माण योजना, आपतकालिन प्रतिकार्यका लागी आपतकालिन योजना र विपद् व्यवस्थापन योजना निर्माण गर्ने ।

(ढ) समुदायमा विपद् प्रभावित समुदायमा खोज तथा उद्धार र प्रतिकार्यको व्यवस्था गर्ने ।

(ण) स्थानीय सरकारको विपद् सम्बन्धी वजेट विनियोजिन गर्न सजिलो होस भन्ने हेतुले स्थानीय तहमा सामुदायिक विपद् व्यवस्थापन समितीलाई सुचिकृत गर्न अगुवाई गर्ने ।

(त) समितिले वर्षभरी सञ्चालन गरेका कृयाकलाप तथा आम्दानी खर्चहरुको सामाजिक लेखा परिक्षण गर्ने ।

(थ) वार्षिक रुपमा समुदायको भेला गराई आम्दानी खर्च विवरण तथा अन्य गतिविधिको प्रगति विवरण पेश गर्ने ।

## परिच्छेद-३
## कार्यदल गठन तथा परिचालन

### ५. कार्यदल गठनका लागी न्यूनतम आधारहरु

सामुदायिक विपद् व्यवस्थापन समिती द्वारा आवश्यकता अनुसार विपद् पूर्व, विपद समयमा र विपद् पश्चात' कुनै पनि विपद्को अवस्था सहजीकरण वा सामना गर्न विभिन्न कार्यदलहरु गठन गरिन्छ । कुनै पनि विपद्को घटना घट्नु अगावै त्यसको आवश्यक प्रतिकार्य एवं सुचना संप्रेषणमा महत्वपुर्ण भूमिका खेल्न सक्दछन् । सकिय र प्रतिवद्ध कार्यदल र तिनीहरुका सदस्यहरुले प्राप्त गरेको ज्ञान-सिपले सही र आवश्यक जानकारी दिनुका साथै आपतकालिन परस्थितीको सामना गर्न मद्दत गर्दछ । कार्यदलका सदस्यहरुको सहयोगले मानविय जिवन एंव जिविकोपार्जन रक्षा गर्न तथा विपद्को प्रभावलाई कम गर्न ठुलो योगदान पुर्‍याउन सक्दछन् साथै छिटो र प्रभावकारी रुपमा राहत तथा पुर्नलाभका

गतिविधीहरु अगाडी बढाउन पनि कार्यदलको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ विभिन्न कार्यदल गठनका आधारहरु, काम कर्तव्य र जिम्मेवारीहरु तय हुन जरुरी देखिन्छन् जुन निम्न बमोजिम रहेका छन् ।

**५.१ प्राथमिक उपचार कार्यदल सदस्यहरु छनौटका आधारहरु (कार्यदलमा ३ जना)**

क) समुदायमा स्वयंसेवकको रुपमा काम गर्ने इच्छाशक्ती भएको व्यक्ती हुनुपर्ने ।

ख) यो एउटा प्राविधिक समुह हुने भएकाले कम्तीमा ८ कक्षा पास गरेको हुनुपर्ने ।

ग) शारिरीक तथा मानसिक दुबै रुपमा स्वस्थ भएको व्यक्ती ।

घ) काम प्रति प्रतिवद्ध र समर्पित भएको हुनुपर्ने ।

ङ) कुनै पनि आपतकालिन अवस्थामा समुदायको सेवा गर्न तयार हुने ।

च) विशेष गरि वर्षाको मौसममा रोजगारीको लागी समुदाय नछोड्ने वा अन्यत्र नजाने ।

छ) स्वास्थ्य शिक्षा सम्बन्धी सामान्य ज्ञान भएको।(जस्तै महिला स्वास्थ्य स्वंसेविका, स्वास्थ्य शिक्षाका विद्यार्थीहरु)

(ज) प्राथमिक उपचार सम्बन्धी तालिम लिएको वा जानकारी भएको ।

**५.२ प्राथमिक उपचार कार्यदलका काम कर्तव्य र जिम्मेवारीहरु :**

(क) आफ्नो क्षेत्रमा रहेका सबै एम्बुलेन्स, स्वास्थ्य केन्द्र, अस्पताल, मेडिकलहरुको सम्पर्क नम्बर र नामको सूचि तयार गर्ने ।

(ख) विपद्का समयमा घाईते र समुदायमा हुनसक्ने सामान्य घाईतेहरुको उपचारका लागी प्राथमिक उपचारका सामग्रीहरुको व्यवस्था मिलाउने ।

(ग) म्याद सकिनु भन्दा पहिला नै सामग्रीहरुको पुनर्भरण गर्ने ।

(घ) स्थानीय स्वास्थ्य कार्यालयसंगको समन्वयमा प्राथमिक उपचारका आवश्यक सामग्रीहरुको व्यवस्था गर्ने।

(ङ) एम्बुलेन्सको मर्मत सम्भारका लागी सहजीकरण तथा व्यवस्था मिलाउने । (यदि समुदायमा उपलब्ध भएमा)

(च) विपद् अघि र पछि हुन सक्ने महामारीका बारेमा स्वास्थ्य तथा सरसरफाई सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(छ) स्वास्थ्य शिक्षा तथा जनचेतना अभिवृद्धि गर्नका लागि स्वास्थ्य सम्बन्धी सरोकारवाला निकायहरु र स्थानीय स्तरबाट सहयोग लिने ।

(ज) समुदायका स्वंसेवकहरुलाई विपद् र महानारीका विषयमा अभिमुखिकरण गर्ने ।

(झ) विपद् प्रभावित समुदायमा प्रकोपबाट घाईतेहरु भएकाहरुको शिघ्र उपचारका लागी खोज तथा उद्धार कार्यदललाई सहयोग गर्ने ।

(ञ) घाईतेहरुको तत्काल प्राथमिक उपचार गर्ने र थप उपचारको आवश्यकता भएमा स्वास्थ्य सेवा प्रदान गर्ने निकायमा पठाउने ।

(ट) शिविर भएको क्षेत्रमा नियमित रुपमा सरसफाई कार्यक्रमको आयोजना गर्ने ।

(ठ) संक्रमण तथा महामारी रोगहरुको बारेमा स्कीनिङ गर्ने र सम्वन्धित सरोकारवालाहरुलाई जानकारी गराउने ।

(ड) खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी जनसमुदायमा जनचेतनाको अभिवृद्धि गर्ने ।

(ढ) सामुदायिक विपद् व्यवस्थापन समिती, स्थानीय विपद् व्यवस्थापन समिती र स्वास्थ्य संस्थासँग समन्वयमा कोभिड-१९ जस्ता महामारीका बारेमा समुदायलाई जागरुकता तथा जनचेतना फैलाउने ।

**५.३ खोज तथा उद्धार कार्यदल गठनका न्यूनतम आधारहरु (कार्यदलमा ३ देखि ४ जना सम्म)**

क) समुदायमा स्वंयसेवकको रुपमा काम गर्ने इच्छाशक्ती भएको व्यक्ती हुनुपर्ने ।

ख) समुदायकै युवा भएमा अझै राम्रो ।

ग) उमेर १८ देखि ४० वर्ष सम्म भएको (अनिवार्यता चाँही होईन) ।

घ) शारिरीक तथा मानसिक दुबै रुपमा स्वस्थ भएको व्यक्ती हुनुपर्ने ।

ङ) काम प्रति प्रतिवद्ध र समर्पित भएको ।

च) कुनै पनि आपतकालिन अवस्थामा समुदायको सेवा गर्न तयार हुनुपर्ने ।

छ) विशेष गरि वर्षाको मौसममा रोजगारीको लागी समुदाय नछोड्ने वा अन्यत्र नजाने ।

ज) सामान्य प्राथमिक उपचारको बारेमा जानकारी भएको भए राम्रो ।

झ) पौडन सक्ने सिप भएको हुनुपर्ने ।

ञ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी सामान्य जानकारी राख्ने ।

**५.४ खोज तथा उद्धार समितिका काम कर्तव्य र जिम्मेवारीहरु**

(क) खोज तथा उद्धारमा सहयोग पुचाउन सक्ने संघसंस्था वा व्यक्तिको नाम नम्बरको सूचि तयार गर्ने ।

(ख) जोखिम समुदायको लागि आवश्यक सुरक्षित स्थानको पहिचान गर्ने ।

(ग) जोखिम क्षेत्रमा रहेका समूह र समुदायको विवरण तयार गर्ने

(घ) वार्षिकरुपमा कम्तीमा पनि ४ पटक बैठक बसी पूर्वतयारी, समिक्षा र विपद् जोखिम न्यूनीकरणको बारेमा छलफल गर्ने ।

(ङ) राहत सामग्री व्यवस्थापनका लागि सुरक्षाकर्मी, गाउँ तथा नगरपालिका र जिल्लाका सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।

(च) राहत वितरणका लागि स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षाकर्मी, नेपाल रेडकस सोसाईटी आदिसंग समन्वय गर्ने ।

(छ) आपतकालीन समयमा राहत वितरणको कार्यहरु गर्न सक्ने समुदायका सदस्यहरुको पहिचान गर्ने र सम्पर्क नम्बरहरु अद्यावधिक (अपडेट) गर्ने ।

(ज) नमुना उद्धार अभ्यास र आवश्यक विभिन्न तालिमको आयोजनाका लागि विभिन्न गैरसरकारी संस्था, नेपाल रेडक्रस सोसाईटी, सुरक्षा निकायहरुसंग समन्वय गर्ने ।

(झ) विपद् हुने मौसमको समयमा खोज तथा उद्धार कार्यका लागि सधैं सतर्क रहने । (बिशेष गरि वर्षाको समयमा)

(ञ) पूर्वसूचना कार्यदलले दिएको सूचनाको आधारमा उच्च जोखिममा रहेका परिवारहरुलाई सुरक्षित स्थानमा स्थानान्तर गर्ने ।

(ट) विपद्को समयमा प्रभावित परिवारको बहुमल्य सामान तथा सम्पत्ति, पशुचौपायहरुको सुरक्षित गर्ने ।

(ठ) समुदायमा महिला, अपांगता, जेष्ठ नागरिक, गर्भवती महिला, स्तनपान गराउने महिलाहरुको सूची तयार गर्ने र उक्त सुची सामुदायिक विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउने र मानवीय सहयोग तथा उद्धारका लागि प्राथमिकीकरण गर्ने ।

(ड) व्यक्तीको, सम्पत्ति र पशुधनको उद्धार गरेको अथवा सुरक्षा गरेको सूची बनाउने र उक्त सूचना सामुदायिक विपद् व्यवस्थापन समितीलाई उपलब्ध गराउने ।

(ढ) मानविय तथा पशुचौपायहरुको क्षतिको सुची तयार गरि मुख्य समिती मार्फत स्थानीय विपद् व्यवस्थापन समिती र सुरक्षा निकायहरु लाई उपलब्ध गराउने ।

(ण) राहत सामग्रीहरु पहिलेकै ठाउंमा पुर्नस्थापना गर्ने ।

## ५.५ पुर्वसूचना कार्यदल छनौटका आधारहरु (कार्यदलमा ३ जना सम्म)

क) समुदायमा र स्वयमसेवकको रुपमा काम गर्ने इच्छाशक्ती भएको व्यक्ती हुनुपर्ने ।

ग) शारिरीक तथा मानसिक दुवै रुपमा स्वस्थ भएको व्यक्ती हुनुपर्ने ।

घ) काम प्रति प्रतिवद्ध र समर्पित भएको ।

ङ) यो एउटा प्राविधिक समुह हुने भएकाले कम्तीमा ८ कक्षा पास गरेको हुनुपर्ने ।

च) मूख्य प्रकोप क्षेत्र, तटबन्धन, बाढी प्रभावित क्षेत्र नदिको किनार तथा विपद् प्रभावित क्षेत्र नंजिक बस्तीमा बसिरहेको परिवारको सदस्य भए एकदम राम्रो ।

छ) उमेर १८ देखि ४० वर्ष सम्म भएको (अनिवार्यता चांही होईन)

ज) विशेष गरि वर्षाको मौसममा रोजगारीको लागी समुदाय नछोड्ने वा अन्यत्र नजाने ।

झ) संचार सिप राम्रो भएको हुनुपर्ने ।

(ञ) पूर्व सूचना सम्बन्धी तालिम प्राप्त भएको ।

## ५.६ पुर्वसूचना कार्यदलका काम कर्तव्य र जिम्मेवारीहरु

- पूर्व सूचना प्राप्त हुन सक्ने निकाय तथा व्यक्तिको सम्पर्क नम्बर, टोल फि नम्बरहरु सूचि तयार गर्ने
- सञ्चार माध्यम (मिडिया), नदी तट वा खोला नालाका माथिल्लो भेग, जल तथा मौसम विज्ञान विभाग र अन्य सूचनाका खोतहरुबाट पूर्वसूचना लिने र समुदायलाई जानकारी दिने ।

- पूर्वसूचना प्रणालीको संयन्त्रको विकास गर्ने गाउँ तथा नगरपालिका, समुदाय तथा सरोकारवालाहरु, जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रसंग सामुदायिक विपद् व्यवस्थापन समिती मार्फत समन्वय गर्ने ।
- उपलब्ध पूर्वसचेतनाका पद्धतिलाई सुरक्षित राख्ने तथा सुरक्षा गर्ने ।
- सानविय सेवासा लागेका विभिन्न सरोकारवाला निकायहरुलाई सहि सुचना उपलब्ध गराउने ।
- समुदायसंग नियमित बैठक बस्ने र सामुदायिक विपद् व्यवस्थापन समितीलाई त्यसको प्रतिवेदन तथा जानकारीहरु उपलब्ध गराउने ।
- सम्वन्धित सरोकारवाला निकाय र मिडियाहरुसंग समन्वय स्थापित गर्ने ।
- महिनामा कम्तीमा १ पटक नियमित बैठक संचालन गर्ने ।
- पूर्वसूचनाका सम्पुर्ण उपकरणहरुलाई प्रयोग गर्नका लागी तयारी अवस्थामा राख्ने । (यदि भएमा)
- विपद्का सूचनाहरुलाई खोज तथा उद्धार कार्यदल, सामुदायिक विपद् व्यवस्थापन समितीका सदस्यहरु र अन्य समुदायलाई तत्काल उपलब्ध गराउने ।
- सामुदायिक विपद् व्यवस्थापन समिती, स्थानीय सुरक्षाकर्मी, नेपाल रेडक्रस सोसाईटी, गाउँ तथा नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिती, स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र र जिल्ला विपद् व्यवस्थापन समितीलाई सूचना दिने र उनिहरुको सहयोग लिने ।
- पूर्वसूचना संयन्त्रको माध्यमबाट स्थानीय विपद् व्यवस्थापन समिती, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र र जिल्ला विपद् व्यवस्थापन समितीलाई विपद्का सुचनाहरु उपलब्ध गराउने।
- कार्य समुहरुले गरेको क्षतिको मुल्यांकन तथा आवश्यकता विश्लेषणको विवरणहरुका बारेमा जानकारी प्राप्त गर्ने ।
- पूर्वसूचना सञ्चार तथा सम्प्रेषण प्रणालीको विकास गर्ने ।
- जोखिम क्षेत्रमा रहेका समुदायले सूचना प्राप्त गर्ने सुनिश्चिता गर्ने ।

## परिच्छेद-४
## विविध

### ६. सामुदायिक विपद व्यवस्थापन समिति गठन तथा परिचालन

समुदायस्तरमा विपद पुर्वतयारी, प्रतिकार्य र पुर्नस्थापना गर्नका लागि सामुदायिक विपद व्यवस्थापन समितिको गठन, परिचालन तथा अनुगमन र मूल्यांकन वडा कार्यालय मार्फत हुनेछ । आवश्यक परेमा स्थानीय विपद् व्यवस्थापन समितिले अनुगमन र मूल्यांकन र निर्देशन दिन सक्नेछ ।

### ७. टोल विकास संस्था गठन गर्न सक्ने

सामुदायिक विपद व्यवस्थापन समिति गठन भएको क्षेत्रमा टोल विकास संस्था गठन गर्न आवश्यक भएमा तहाँ गठित सामुदायिक विपद व्यवस्थापन समितिलाई नै टोल विकास समितिको रुपमा पुर्नगठन गर्न सकिनेछ तर टोल विकास संस्था गठन गर्दा तोकिएको कानून बमोजिम हुनेछ ।

## ८. सामुदायिक विपद् व्यवस्थापन समिति सूचिकरणको लागि निवेदन दिनुपर्ने

सामुदायिक विपद व्यवस्थापन समिति सूचिकरणको लागि वडा कार्यालयमा अनुसूचि-१ बमोजिम निवेदन दिनु पर्नेछ ।

## ९. सामुदायिक विपद् व्यवस्थापन समिति सूचिकरण

यस सरुमारानी गाउँपालिका अन्तर्गतका समुदायमा गठित सामुदायिक विपद व्यवस्थापन समितिहरुको सूचिकरण सम्बन्धी व्यवस्था वडा कार्यालयमा अनुसूचि-२ बमोजिम हुनेछ ।

## १०. कोष स्थापना गर्न सक्नेः

समूदाय स्तरमा गठन भएका सामुदायिक विपद् व्यवस्थापन समिति/कार्यदलहरुले समुदाय आपत्कालिन कोष स्थापना गर्न सक्ने छन । उक्त कोष संचालन सम्बन्धी नमूना विधान /कार्यविधि अनुसूची-३ मा रहेको छ । उक्त विधान सामुदायिक विपद् व्यवस्थापन समिति/कार्यदलहरुले आफै स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछन ।

## १०. निर्देशिको वचाउँ, संशोधन वा खारेज गर्न सक्ने

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो निर्देशिका संशोधन वा खारेज गर्न सक्नेछ।यो निर्देशका लागू हुनु भन्दा पहिला भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१
## सामुदायिक विपद् व्यवस्थापन समिति सूचिकृत गर्ने निवेदनको नमूना

श्री अध्यक्ष ज्यु,

मिति

.................वडा कार्यालय

सरुमारानी गाउँपालिका

विषय : सामुदायिक विपद व्यवस्थापन समिति सूचिकृत गरिदिने सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा यस सरुमारानी गाउँपालिका वडा नं...... स्थित टोलमा गठन गरिएको ...सामुदायिक विपद व्यवस्थापन समितिलाई तहाँ वडा कार्यालयमा सूचिकृत गरिदिनुहुन निम्नानुसार विवरण सहित अनुरोध गर्दछु ।

**संलग्न विवरण :**

१) समितिको नामः

१. टोल भेलाको उपस्थिति र सूचिकृत गर्ने निर्णयको प्रतिलिपी

२. समिति सदस्यहरुको नामथर विवरण सहितको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

३. सिमाना विवरण

पूर्व सिमाना .......

पश्चिम सिमाना ...

उत्तर सिमाना :.

दक्षिण सिमाना :..

जम्मा घरधुरी संख्या :

निवेदक :

अध्यक्षको नाम :

...........................

सामुदायिक विपद् व्यवस्थापन समिति

ठेगाना :

हस्ताक्षर :

सम्पर्क नं. :

**अनुसूचि-२**

**सामुदायिक विपद् व्यवस्थापन समिति सूचिकृत प्रमाण पत्र नमूना**

सरुमारानी गाउँपालिका

**.....वडा कार्यालय**

**बड्डाँडा, प्यूठान**

प.स...... च.नं..........

मिति :

विषय : सूचिकृत सम्बन्धमा ।

उपरोक्त सम्वन्धमा यस सरुमारानी गाउँपालिका वडा नं.......... स्थित............ टोलमा गठन भएको श्री............................ सामुदायिक विपद व्यवस्थापन समितिलाई "सामुदायिक विपद् व्यवस्थापन समिती र कार्यदल गठन तथा परिचालन निर्देशिका २०८२" को अनुसूचि-२ बमोजिम मिति............................. मा सुचिकृत गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

...................

वडा अध्यक्ष

## अनुसूची-३

## समुदाय आपत्कालिन कोष स्थापना सम्बन्धी नमूना विधान/कार्यविधि

**१. प्रस्तावना :**

बाढी तथा पहिरोको उच्च जोखिममा रहेका परिवारहरुलाई समेटी सामुदायिक विपद् व्यवस्थापन समिति गठन भएको छ । सामुदायिक विपद् व्यवस्थापन समितिले मासिक रुपमा समुदायमा भेला भई आफ्ना सरोकारका विषयमा छलफल गर्दै आएको र प्राकृतिक तथा मानवसिर्जित प्राकृतिक विपदबाट हुन सक्ने जोखिमलाई समुदायस्तरमै व्यवस्थापन गर्न समितिले आपत्कालिन कोषको स्थापना गरेको छ । आपत्कालिन कोषमा जम्मा भएको रकमलाई ब्यवस्थित र पारदर्शी बनाउन कार्यविधिको आवश्यकता महसुस गरिएकोले समुदाय आपत्कालिन कोष सञ्चालन कार्यविधी, .............. तयार गरिएको हो ।

**२. संक्षिप्त नाम र प्रारम्भ :**

२.१.यस कार्यविधिको नाम "समुदाय आपत्कालिन कोष सञ्चालन कार्यविधी, ............" रहने छ ।

२.२.यो कार्यविधी समुदायमा सञ्चालित सामुदायिक विपद् व्यवस्थापन समितिको बैंठकले अनुमोदन गरेको मितिदेखि लागु हुनेछ।

**३. परिभाषा :** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क. "आपत्कालिन कोष" भन्नाले समुदायका अतिसंकटासन्न सदस्यहरुलाई आपत्कालीन समयमा सहयोग गर्नका लागि स्थापना गरेको कोष भन्ने सम्झनु पर्छ ।

ख. "समिति" भन्नाले नियम १० बमोजिमको कोष सञ्चालन समिति सम्झनु पर्छ ।

ग. " प्रकोप" भन्नाले बाढी, पहिरो, आगलागी, भूकम्प, हावाहुरी अतिवृष्टी, अनावृष्टी, पशुपन्छी तथा अन्य जीवबाट सरुवा भई आउने रोग वा सरुवा रोगको महामारी, प्राकृतिक कारणले हुने सडक दुर्घटना जस्ता प्रकोप सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना समेतलाई जनाउनेछ ।

**४. कोष स्थापनाको उद्देश्य :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य समुदायस्तरबाटै सञ्चालन गर्नका लागि यो कोषको स्थापना गरिएको हो ।

**५. कोषको आम्दानीको स्रोत :** कोषको खातामा देहायका स्रोत बाट प्राप्त भएको रकम जम्मा हुनेछ ।

५.१ समितिका सदस्यले मासिक रुपमा समितिको निर्णय अनुसार संकलन गरेको रकम,

५.२ कोषको रकमबाट प्राप्त बैंक वा सहकारीमा राख्दा प्राप्त भएको ब्याज रकम,

५.३ समितिलाई प्रदेश सरकार, गाउँपालिका, वडा तथा अन्य संघसंस्थाबाट सहयोगको रुपमा उपलब्ध गराएको रकम,

५.४ समुदायले देउसी, भैलो, भुओ, भास्सो खेलेर प्राप्त भएको नगद वा जिन्सी,

५.५ मौसम अनुसारको खेती पाकेको समयमा अन्न संकलन गरि बिक्रि गरिएको रकम ।

५.६ कुनै व्यक्तिले सहयोग स्वरुप प्रदान गरेको रकम.

५.६ समितिलाई कुनै व्यक्तिले सहयोग स्वरुप प्रदान गरेको रकम । सहयोगको प्रकृति हेरी यस्तो सहयोग रकम ग्रहण गर्दा सहयोगी व्यक्तिको स्रोत पहिचान गरि समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

**६. खाता खोल्नुपर्ने :** कोषको आय रकम संकलन र संकलित रकम परिचालन गर्नको लागि स्थानीय स्तरबाट नजिक रहेको बैंक वा सहकारी संस्थामा समितिको निर्णयनुसार एउटा छुट्टै खाता खोल्नुपर्नेछ । खाता नियम

१० बमोजिम गठन भएको आपतकालिन कोष सञ्चालन समिति अध्यक्ष, सचिव र कोषाध्यक्षको नाममा संयुक्त हुनेछ ।

**७. कोषको प्रयोग :** सामुदायिक विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम विपद् प्रभावितहरुका लागि तथा समुदायमा हुन सक्ने विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यमा खर्च गरिनेछ । खर्च गर्नु भन्दा अगाडि सामुदायिक विपद् व्यवस्थापन समितिको बैठकबाट आवश्यक निर्णय गर्नुपर्नेछ ।

**८. कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ :**

८.१ विपदबाट प्रभावित व्यक्तिको खोज, उद्धार तथा सम्पत्तीको संरक्षण गर्न,

८.२ विपद् प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ताकपडा, औषधी सरसफाई तथा शैक्षिक सामग्री जस्ता वस्तुहरु खरिद गरि उपलब्ध गराउ,

८.३ विपद्का कारण घाइते वा विरामी भएका व्यक्तिको औषधोपचार गर्न,

८.४ विपद्का कारण मृत्यु भएका व्यक्तिको काजक्रिया वा सद्गतका लागि निजका परिवारलाई सहयोग उपलब्ध गराउन,

८.५ विपद्का कारण सम्पत्ती गुमाएका व्यक्तिलाई समितिले तोके बमोजिम राहत उपलब्ध गराउन,

८.६ खोज तथा उद्धार र प्राथामिक उपचारका लागि आवश्यक समाग्री खरिद तथा भण्डारण गर्न,

८.७ विपद् पूर्वकार्य सम्वन्धी कार्यहरुमा खर्च गर्न ।

८.८ समितिले तोके बमोजिम विपद् व्यवस्थापन सम्बन्धि अन्य कार्य गर्न ।

८.९ कोषको परिचालन गर्दा एक पटकमा कोषमा जम्मा रकमको ५० प्रतिशत रकम मात्र खर्च गर्न सकिनेछ ।

**९. कोषको प्रयोग गर्न नपाइने :**

नियम ८ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम देहायका कामका लागि खर्चगर्न पाइने छैन।

९.१ प्रशासनिक कामको लागि खर्च गर्न,

९.२ समितिका सदस्य र समुदायका व्यक्तिलाई सापटी तथा घर खर्चको रुपमा प्रदान गर्न,

९.३ चन्दा, उपहार र पुरस्कारको रुपमा उपलब्ध गराउन,

९.४ समितिका सदस्य बाहेक अन्य सदस्यको परिवारलाई यो कोषबाट रकम उपलब्ध गराउन,

९.५ विपद्संग सम्बन्धित बाहेक अन्य काम गर्न ।

१०. कोष सञ्चालन समितिको व्यवस्था : सामुदायिक विपद् व्यवस्थापन समितिलेनै कोष व्यवस्थापनको जिम्मेवारी लिनेछ ।

१०.१. कोष सञ्चालन तथा व्यवस्थापनका लागि सामुदायिक विपद् व्यवस्थापन समिति जिम्मेवार हुनेछ ।

१०.२. समितिले आवश्यकता अनुसार कार्यदलका सदस्यहरु, अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै कर्मचारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०.३ . समितिको बैठक सम्बन्धी अन्य कुरा समूह आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०.७ कोष सञ्चालन तथा व्यवस्थापनले कोषको वृद्धिविकासको लागी आवश्यक निर्णय गरेर स्थानिय सरकार र सरोकारवाला निकाय र संघ संस्थाहरुलाई अनुरोध गर्न सक्नेछ ।

११. कोषको आयव्ययको लेखा तथा सोको सार्बजनिकिकरण :

११.१ कोषको आम्दानी र खर्चको विवरण प्रत्येक तीन तीन महिनामा सार्बजनिकरण गर्नुपर्ने छ ।

११.२ कोषको हिसाब किताव राख्ने तथा आय—व्यय विवरण तयार पार्ने मुख्य जिम्मेवारी समितिका कोषाध्यक्षको हुनेछ । यस काममा समितिका अध्यक्ष र सचिवले कोषाध्यक्षलाई सहयोग गर्नु पर्नेछ ।

११.३ कोषको रकम परिचालन वा खर्च गर्दाको निर्णय, बिल भर्पाई तथा सम्बन्धित कागजपत्र दुरूस्त राख्नु पर्नेछ ।

११.४ कोषको विस्तृत आय-व्यय विवरण तयार पारी कम्तिमा प्रत्येक बर्षको अन्तिममा एक पटक सामुदायिक भेला मार्फत समुदायमा जानकारी गराउनु पर्नेछ । समुदायदेखि बाहेक अन्य कुनै निकायबाट कोषका लागि योगदान प्राप्त भएमा सो निकायलाई पनि प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।

**१२. आपतकालिन कोषको रकम सहयोग गर्न सकिने :**

१२.१. कोषको रकम प्रकोप वाट प्रभावित व्यक्ति वा परिवारलाई उपलव्ध गराईनेछ ।

१२.२. आपतकालिन कोषको रकम उपलब्ध गराउँदा प्रकोपको घटना, र वास्तविक अवस्था विश्लेषण वा अध्ययन गरि कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले विपद् व्यवस्थापन समितिसँग छलफल गरि रकम उपलब्ध गराईनेछ ।

**१३. अधिकार प्रत्यायोजन :** समितिले आवश्यकता अनुसार आफूमा रहेको केही वा सबै अधिकार स्थानिय विपद व्यवस्थापन समिति वा वडा विपद् व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. कोषको विघटन :**

**१४.**१ कोष सञ्चालन तथा व्यवस्थापनको क्रममा कुनै विवादको अवस्था सिर्जना भइ कोष सञ्चालन गर्न नसकिने भएमा सामुदायिक विपद् व्यवस्थापन समितिको बैठकबाट सर्वसम्मति निर्णयले कोषको विघटन गर्न सक्नेछ ।

**१४.**२ कोषको विघटन गर्दा स्थानीय जनप्रतिनिधिहरुको रोहोबरमा कोषको आयव्याय सार्बजनिकिकरण गरेर मात्रै गर्नुपर्ने छ ।

१४.३ कोषमा सन्चित बजेटको वितरण तथा व्यवस्थापन समितिको सर्वसम्मत निर्णयले गर्नुपर्नेछ ।

**१५. विविध**

१५.१. यो कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

१५.२. संशोधन मस्यौदा तयार गरी सामुदायिक विपद् व्यवस्थापन समितिले अनुमोदन गरेपछि कार्यविधि संशोधन भएको मानिनेछ।

..............................

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८३।०१।२५